सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशन गरिएको विवरण

अवधि २०८२/०१/०१ - २०८२/०३/३२

## स्वतः प्रकाशन




लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

# वन निर्देशनालय

बुटवल,रुपन्देही

Email: forestdirectorate5@gmail.com

Website: https://pfdir.lumbini.gov.np/

Telephone: 071-572968

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको बिवरण ३/३ महिनामा प्रकाशन गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम देहायका सूचना सूचिकृत गरि प्रकाशन गरिएको छ ।

**(आ.व.२०८१/०८२ को बैशाख, जेष्ठ र आषाढ महिनाको विवरण)**

## १. निकायको स्वरुप र प्रकृति

लुम्बिनी प्रदेश सरकारको प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७९ अनुसार वन, भू-संरक्षण तथा वातावरण सँग सम्बन्धित विषय हेर्ने गरी प्रदेश सरकार अन्तर्गत वन तथा वातावरण मन्त्रालय रहने व्यवस्था रहेको छ । त्यसैगरी वन तथा वातावरण मन्त्रालय अन्तर्गत प्रदेशस्तरको वन निर्देशनालय र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र रहने व्यवस्था छ । वन निर्देशनालय अन्तर्गत १४ डिभिजन वन कार्यालय र ४ भू तथा जलाधार व्यवस्थापन कार्यालय रहेका छन् । प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय र डिभिजन वन कार्यालय एवं भू तथा जलाधार व्यवस्थापन कार्यालय विच समन्वयकारी भूमिका तथा अनुगमन निरिक्षण एवं सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले वन निर्देशनालयको परिकल्पना गरिएको हो । प्रदेश सरकारको मिति २०७५/०४/१४ को निर्णयानुसार रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका-७, गार्गी पथ, भैरहवामा मिति २०७५/७/१२ देखि वन निर्देशनालयको कार्य संचालन हुँदै आएकोमा वन तथा वातावरण मन्त्रालयको मिति २०८०/०१/०३ को निर्णयानुसार रूपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका-८ स्थित साविक वन तथा वातावरण मन्त्रालय रहेको भवनवाट हाल निर्देशनालयको कार्यालय सञ्चालन हुँदै आइरहेको छ।

## २. निकायको काम, कर्तब्य र अधिकार

लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयको सांगठनिक संरचना अन्तर्गत रहेको वन निर्देशनालय मन्त्रालयको एउटा महत्वपूर्ण अङ्ग हो। संघ र प्रदेशका वन र वातावरण सम्बन्धी कानूनले यसको भुमिका प्रष्ट रुपमा उल्लेख गरेको छ। डिभिजनस्तरका कार्यालयहरु र मन्त्रालय तथा वन तथा भू-संरक्षण विभागबीच समन्वयकारी भूमिकामा वन निर्देशनालय रहेको छ । मन्त्रालयको नीति निर्माण, योजना, बजेट र कार्यक्रम तर्जुमा सहजिकरण तथा वन संरक्षण, व्यवस्थापन, विकास, सदुपयोग र कार्यक्रम कार्यान्वयनको समग्र अनुगमन यसको जिम्मेवारी भित्र पर्दछन्। सङ्घीय तथा लुम्बिनी प्रदेशको वन र वातावरण सम्बन्धी ऐन, नियमावली, वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका समेतमा

उल्लेखित व्यवस्थाहरू अनुसार निर्देशनालय र निर्देशकले सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्

१. **कार्ययोजना स्वीकृत गर्नेः** डिभिजन वन कार्यालयहरुबाट सिफारिस भई आएका साझेदारी वनको कार्ययोजना (संशोधित कार्ययोजना समेत), संरक्षित वनको कार्ययोजना, जडिबुटी व्यवस्थापन योजना, जिल्ला/वन पैदावार आपूर्तिको समितिको वार्षिक कार्ययोजना र मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएका व्यवसायिक कबुलियती वनको कार्ययोजना निर्देशक (महानिर्देशक)ले स्वीकृत गर्ने

२. **साझेदारी वन फिर्ता लिनेः** प्रचलित कानून, स्वीकृत कार्ययोजना र कार्यविधि/निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको बर्खिलाप काम गरी वनस्रोत र वातावरणमा उल्लेखनीय प्रतिकुल असर पर्ने कार्य गरेमा निर्देशक (महानिर्देशक)ले त्यस्तो साझेदारी वन फिर्ता लिन र समुह विघटन गर्न सक्ने ।

३. **पुनरावेदन/उजुरी सुन्ने र अन्तिम निर्णय दिनेः** सामुदायिक वन फिर्ता लिई समुह दर्ता खारेज गर्ने, धार्मिक वन फिर्ता लिने, गरीवीको रेखानुनी रहेका जनताहरुलाई प्रदान गरिएको कबुलियती वन फिर्ता लिने र बेवारिसे तथा दहत्तर बहत्तर काठ, दाउराको हकदावी सम्बन्धी निर्णयमा डिभिजनल वन अधिकृतले गरेको निर्णय चित्त नबुझ्ने सम्बन्धित पक्षले निर्देशक (महानिर्देशक) समक्ष पुनरावेदन दिन सक्ने र निर्देशक (महानिर्देशक)ले गरेको निर्णय अन्तिम हुने ।

४. **रुख कटान प्रक्रियामा तोकिएका कार्यहरु गर्नेः** रुख कटान तथा संकलनको क्रममा छपान चेकजाँच, कटानको लागि म्याद थप, जंगलमै घाटगद्दी र चिरान गर्नु पर्ने विशेष अवस्था परेमा त्यसको लागि स्वीकृति प्रदान, घाटगद्दी र ग्रेडिङ्ग चेकजाँच र कटान प्लटको अन्तिम जाँच निर्देशक(महानिर्देशक) वा निजले तोकेको अधिकृत प्रतिनिधीबाट गर्नु, गराउनु पर्ने। साथै लिलाम बिक्री भएका काठ, दाउरा डिभिजनल वन अधिकृतले दिएको र थप गरेको म्यादभित्र समेत उठाउन नसकेमा डिभिजनल वन अधिकृतको सिफारिसमा म्याद थप गर्ने।

५. **वन पैदावारको लिलाम स्वीकृत गर्नेः** डिभिजन वन कार्यालयहरुले वन पैदावार लिलाम बिक्री गरेपछि तोकिएको सिमाभित्रको सकार रकमको लिलाम स्वीकृत निर्देशक(महानिर्देशक)ले गर्नुपर्ने ।

६. **अमानतबाट काम गर्ने स्वीकृति प्रदान गर्नेः** वार्षिक स्वीकृत कार्यक्रम एवम् रुखकटान, मुछान र संकलन कार्य कारणवश अमानतबाट गर्नुपर्ने अवस्था सृजना भई स्वीकृतिको लागि पेश हुन आएमा प्रचलित कानूनको अधिनमा रही स्वीकृति प्रदान गर्ने।

७. **खडा वा ढलेका रुखै बिक्री गर्नु परेमा प्रदेशको वन तथा वातावरण मन्त्रालयमा सिफारिस**

गर्ने ।

८. **कबुलियती वनको प्रमाणपत्रको प्रतिलिपी उपलब्ध गराउनेः** व्यवसायिक कबुलियती वनको प्रमाणपत्र हराएमा, च्यातिएमा, नष्ट भएमा वा अरु कुनै प्रकारले काम नलाग्ने भई सो को प्रतिलिपि लिन परेमा निर्देशनालयमा निवेदन दिनु पर्ने। निवेदन पर्न आएमा निर्देशक (महानिर्देशक)ले ५ हजार रुपैयाँ दस्तुर लिई कबुलियती वनको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्ने ।

९. **व्यवसायिक कबुलियती वनको कार्य शुरु गर्ने म्याद थप गर्नेः** व्यवसायिक कबुलियती वन लिने व्यक्ति वा संस्थाले विशेष कारणले स्वीकृत कार्ययोजना र कबुलियतनामाको अवधिभित्र कार्य शुरु गर्न नसकेको भनी म्याद थपको माग गरेमा र उक्त माग मुनासिव लागेमा निर्देशक(महानिर्देशक)ले ६ महिनासम्म म्याद थप गर्न सक्ने ।

१०. **कार्ययोजना सहित प्रतिवेदन पेश गर्नुपर्नेः** मानव वन्यजन्तु सहअस्तित्व व्यवस्थापनका लागि विभिन्न भौगोलिक क्षेत्रमा गरेका प्रयास र उपलब्धिका साथै विद्यमान समस्या र अवलम्बन गर्नु पर्ने उपाय पहिचान गरी कार्ययोजना सहित प्रत्येक वर्ष निर्देशनालयले विभाग तथा प्रदेश मन्त्रालय समक्ष र विभागले मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्ने ।

११. **आवश्यक समन्वय, सहजीकरण र सहयोग गर्नुपर्नेः** निर्देशक(महानिर्देशक)ले राष्ट्रिय बनको सुरक्षाको सम्बन्धमा डिभिजन वन कार्यालयबाट भएको क्रियाकलापको नियमित अनुगमन गरी जावश्यक समन्वय, सहजीकरण र सहयोग गर्नुपर्ने ।

१२. **सामुदायिक बनको कार्ययोजना संशोधनको सहमति दिनेः** कार्यीयोजना स्वीकृत भएको २ वर्ष अगावै विशेष कारणवश कार्ययोजना संशोधन गर्न आवश्यक परेको भनी डिभिजन बन कार्यालयको राय र सिफारिससहित पेश हुन आएमा संशोधनको लागि डिभिजन बन कार्यालयलाई सहमति दिने ।

१३. **काठ प्रयोग गर्ने सहमति दिनेः** डिभिजन वन कार्यालयले वन विकास, व्यवस्थापन, डिभिजन/सव-डिभिजनको भवन निर्माण तथा मर्मत आदि कार्यमा डिभिजन वन कार्यालय बाट उत्पादित वा मौज्दात काठ प्रयोग गर्न सहमति माग गरेमा लगत अभिलेख व्यवस्थित गरी सदुपयोग गर्न सहमति दिन सक्ने ।

१४. **सिफारिस र राय दिनेः** निर्देशनालयले देहायका विषयहरुमा मन्त्रालयलाई सिफारिस गर्ने र राय उपलब्ध गराउने गर्दछः

- डिभिजन वन कार्यालयहरुबाट प्राप्त आवधिक योजना सहितको रणनीतिक योजना स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने ।
- सरकारद्वारा व्यवस्थित (चक्ला) वन को कार्ययोजना स्वीकृतिको लागि मन्त्रालयमा राय सहित पेश गर्ने।

- वन्यजन्तु पालन सम्बन्धी पेश हुन आएको प्रस्तावमा अध्ययन गरी रायसाथ मन्त्रालयमा पठाउने।
- हावाहुरी, बाढी, पहिरो, हिमपात, आगजनी, किरा र रोगको सङ्क्रमण जस्ता विपद् जन्य घटनाका कारण क्षति हुन पुगेको वन पैदावर संकलन स्वीकृतको लागि डिभिजन वन कार्यालयबाट आवश्यक प्रमाण र प्रक्रिया पुरा गरी पेश हुन आएमा प्रदेश वन निर्देशक (महानिर्देशक)ले मन्त्रालयमा सिफारिस गर्ने ।

१५. **अध्ययन अनुसन्धानको अनुमति दिन सक्नेः** कुनै व्यक्ति, संस्था वा निकायले वर्ड स्यान्चुरी तथा जैविक मार्गमा अध्ययन अनुसन्धान गर्नु परेमा निर्देशनालयले तोकिए बमोजिम अनुमति दिन सक्ने ।

१६. **वन्यजन्तु पालनको अनुमति दिन सक्नेः** मन्त्रालयमा पेश भएको प्रस्ताव स्वीकृत भएमा तोकिए बमोजिमको दस्तुर लिई निर्देशनालयले वन्यजन्तु पालनको लागि आवश्यक शर्त तोकी अनुमति दिन सक्ने ।

१७. **वन्यजन्तुमैत्री संरचनाको अनुगमनः** निर्देशनालयले आफ्नो कार्यक्षेत्र भित्र निर्माण भएका वन्यजन्तुमैत्री संरचनाको सम्बन्धमा अनुगमन गरी सोको प्रतिवेदन प्रदेशको वन तथा वातावरण सम्बन्धि विषय हेर्ने मन्त्रालयमा पेश गर्ने।

१८. **एकाइ सदस्यः** प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइ सदस्यमा निर्देशक(महानिर्देशक) रहने व्यवस्था रहेको।


१९. **अनुगमन तथा निरीक्षण गर्ने र प्रतिवेदन पेश गर्नेः** मातहतका डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट सञ्चालित विकास निर्माण कार्यहरु, विभिन्न वन व्यवस्थापन पद्धतिका वन कार्ययोजना कार्यान्वयनको अवस्था, वन तथा वन्यजन्तु संरक्षण, रुख छपान/कटान/घाटगद्दी/ग्रेडिङ्ग/ विक्री वितरण, राष्ट्रिय वनक्षेत्र भोगाधिकारमा लिई सञ्चालनमा रहेका विकास आयोजनाहरु, वनक्षेत्रमा सञ्चालित खानीहरु, वन्यजन्तुमैत्री संरचना, वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण आदिको अनुगमन निरीक्षण गरी पृष्ठपोषण दिने, प्रतिवेदन तयार गरी मन्त्रालय र वन तथा भू-संरक्षण विभागमा पेश गर्ने जिम्मेवारी निर्देशनालयलाई तोकिएको

२०. **समृद्धिको लागि वन कार्यक्रम सञ्चालनः** समृद्धिको लागि वन परियोजनाको प्रादेशिक परियोजना व्यवस्थापन इकाई यस निर्देशनालयमा रहने र प्रादेशिक परियोजना संयोजक निर्देशक(महानिर्देशक) रहने व्यवस्था रहेको ।

२१. **तोकिएका अन्य कार्यहरुः** वन तथा वातावरण मन्त्रालय (संघ र प्रदेश), वन तथा भू-संरक्षण विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग आदि निकायहरुबाट प्राप्त निर्णय र आदेश कार्यान्वयन गर्ने गराउने कार्य समेत निर्देशनालयले गर्ने गर्दछ ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस निर्देशनालय अन्तर्गत जम्मा कर्मचारी दरबन्दि २८ जना रहेकामा हाल जम्मा १६ जना कार्यरत रहेको छन् । ९ जना स्थायी र ७ जना करारमा रही १२ पद रिक्त रहेको देखिन्छ । यस निर्देशनालयको लुम्बिनी प्रदेश सरकारबाट स्विकृत संगठन संरचना चित्र नं. १ मा र दरबन्दी तेरिज तथा पदपुर्तिको अवस्था तालिका १ मा दिइएको छ ।




*चित्र नं. १ वन निर्देशनालय, लुम्बिनी प्रदेशको संगठन संरचना*

**तालिका नं. १ निर्देशनालयको दरवन्दी र पदपूर्तिको अवस्था**

| सि. नं. | पद | श्रेणी | सेवा/समूह | तह | कूल दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्रथम प्रा. | वन/ज.फ. | एघारौं | १ | ० | १ | निमित्त महानिर्देशक, |
| २ | वन निर्देशक/ उपनिर्देशक | रा.प.द्वितीय प्रा. | वन/ज.फ. | नवौं/दशौं | ४ | २ | २ | नेपाल सरकारबाट स्वीकृत दरवन्दी प्राप्त हुँदा सो मध्ये पद-१ बरिष्ठ बाली विकास अधिकृत रहेको |
| ३ | भू-संरक्षण अधिकृत/बरिष्ठ भू-संरक्षण अधिकृत | रा.प.तृतीय प्रा. | वन/स्वा.एण्ड वा.क. | सातौं/आठौं | १ | १ | ० | |
| ४ | वन अधिकृत/बरिष्ठ वन अधिकृत | रा.प.तृतीय प्रा. | वन/ज.फ. | सातौं/आठौं | ३ | २ | १ | |

| सि.नं. | पद | श्रेणी | सेवा/समूह | तह | कूल दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ५ | शाखा अधिकृत/बरिष्ठ शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन/सा.प्र. | सातौं/आठौं | १ | १ | ० | |
| ६ | रेन्जर/सहायक वन अधिकृत | रा.प.अनं.प्र.प्रा. | वन/ज.फ. | पाचौं/अ.छैटौं | ३ | ० | ३ | |
| ७ | भू-संरक्षण सहायक/अधिकृत (भू-संरक्षण) | रा.प.अनं.प्र.प्रा. | वन/स्वा.एण्ड वा.क. | पाचौं/अ.छैटौं | १ | ० | १ | |
| ८ | बरिषठ प्रशासन सहायक /अधिकृत | रा.प.अनं.प्र. | सा.प्र. | पाचौं/अ.छैटौं | १ | १ | ० | |
| ९ | लेखापाल/अधिकृत (लेखा) | रा.प.अनं.प्र. | प्रशासन/लेखा | पाचौं/अ.छैटौं | १ | १ | ० | |
| १० | क.अपरेटर/अधिकृत (कम्प्युटर) | रा.प.अनं.प्र. | विविध/विविध | पाचौं/अ.छैटौं | १ | १ | ० | करार सेवा |
| ११ | खरिदार/प्रशासन सहायक | रा.प.अनं.द्वि | प्रशासन/सा.प्र. | चौथो | १ | ० | १ | |
| १२ | फरेष्टर/बरिष्ठ फरेष्टर | रा.प.अनं.द्वि.प्रा. | वन/ज.फ. | चौथो/पाचौं | २ | १ | १ | |
| १३ | वन रक्षक | श्रेणी विहिन | वन/ज.फ. | तेस्रो | २ | ० | २ | |
| १४ | ह.स.चा. | श्रेणी विहिन | प्रशासन/सा.प्र. | तह विहिन | २ | २ | ० | करार सेवा |
| १५ | का.स | श्रेणी विहिन | प्रशासन/सा.प्र. | तह विहिन | ४ | ४ | ० | करार सेवा |
| | **जम्मा** | | | | २८ | १६ | १२ | |

## ४. निकायबाट प्रदान गरिने सेवा, प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### ४.१ निकायबाट प्रदान गरिने सेवा

| प्रदान गरिने सेवाको किसिम | सेवा प्राप्त गर्न पेश गर्नुपर्ने बिवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा दिने शाखा/ कर्मचारी |
|---|---|---|---|---|
| | | शुल्क | समय | |
| कार्ययोजना स्वीकृत गर्ने (वन पैदावर आपुर्ति समिति,साझेदारी वन ब्यवस्थापन,जडिबुटी ब्यवस्थापन योजना) | साझेदारी वनको हकमा वन तथा वातावरण मन्त्रालयको सहमति सहित र अन्यको हकमा डिभिजनल वन अधिकृतको एकिन राय सहितको सिफारिस | निः शुल्क | १५ दिन | वन व्यवस्थापन तथा सूचना शाखा |
| प्रचलित कानुन विपरित कार्य गरेमा साझेदारी वन समुह विघटन गर्ने धार्मिक/सामुदायिक वन फिर्ता लिने निर्णयको पुनरावेदन सुन्ने | छानविन प्रतिवेदन तथा सिफारिस / निवेदन | निः शुल्क | १५-३५ दिन | वन व्यवस्थापन तथा सूचना शाखा |

| प्रदान गरिने सेवाको किसिम | सेवा प्राप्त गर्न पेश गर्नुपर्ने बिवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा दिने शाखा/ कर्मचारी |
|---|---|---|---|---|
| | | शुल्क | समय | |
| सरकारद्वारा व्यवस्थित वन र साझेदारी वनको काठ दाउरा संकलन तथा वन क्षेत्र अन्य प्रयोजनका लागि उपलब्ध गराइएका क्षेत्रहरूको रुख हटाउने प्रकृयामा तोकिएको कार्यहरु गर्ने (छपान निरिक्षण, घाटगद्दी निरिक्षण, प्लटको अन्तिम चेकजाँच लगायतका कार्य) | डि.व.का. बाट पेश भएका कागजात | निः शुल्क | १५ दिन | वन व्यवस्थापन तथा सूचना शाखा |
| प्रदेशस्तरमा नदी प्रणालीहरुको जलाधार क्षेत्रको संरक्षण, सम्बर्धन र वातावरणीय स्वच्छता सम्वन्धि नीति, योजना तर्जुमा गर्ने गराउने, भूस्खलन संग सम्वन्धित जोखिमयुक्त बस्ती पुर्वाधार क्षेत्र, सिमसार, ताल तलैयाहरुको संरक्षण, सम्बर्धन सम्वन्धि कार्य गर्ने | भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट पेश भएका कागजातहरु | निः शुल्क | १५ दिन | भू-तथा जलाधार व्यवस्थापन तथा समन्वय शाखा |
| डिभिजन वन कार्यालयबाट लिलाम बिक्रि भएको काठ दाउरा घाटगद्दीबाट उठाउने म्याद तथा प्लट कटानको म्याद थप गर्ने | डिभिजनल वन अधिकृत को सिफारिस सहितका कागजात | निः शुल्क | ७ दिन | वन व्यवस्थापन तथा सूचना शाखा |
| विपदजन्य कारणले क्षति हुन पुगेको वन पैदावार संकलनको सिफारिस | डिभिजनल वन अधिकृतले आवश्यक प्रकृया पुऱ्याई पेश भएको प्रमाण | निः शुल्क | ७ दिन | वन व्यवस्थापन तथा सूचना शाखा |
| वर्ड स्यान्चुरी तथा जैविक मार्गमा अध्ययन अनुसन्धानको लागि अनुमति दिने | डिभिजन वन कार्यालयको सिफारिस सहितका कागजातहरू | नियमानुसार | ७ दिन | योजना तथा अनुगमन शाखा |
| अन्य प्रयोजनका लागि उपलब्ध गराइने वन क्षेत्र सम्बन्धी कार्य | डिभिजन वन कार्यालय /फिल्ड कार्यालयबाट आवश्यक कागजात/सिफारिस | निः शुल्क | १५ दिन | वन तथा वन्यजन्तु संरक्षण शाखा |
| अन्य प्रशासनिक विषय | लिखित/मौखिक अनुरोध | निः शुल्क | सेवाको प्रकृति अनुसार | प्रशासन शाखा |
| आर्थिक प्रशासन सम्बन्धि विषय | लिखित अनुरोध | निः शुल्क | सेवाको प्रकृति अनुसार | लेखा शाखा |

## ४.२ शाखा र जिम्मेवार अधिकारी

| क्रसं | शाखा | कर्मचारी | पद | कैफियत |
|---|---|---|---|---|
| १ | | श्री प्रभात सापकोटा | नि.महानिर्देशक | |
| २ | | श्री यज्ञमूर्ति खनाल | उपसचिव (प्रा.) | |

| | | | | |
|---|---|---|---|---|
| ३ | वन तथा वन्यजन्तु संरक्षण शाखा | श्री डिलाराम पौडेल | बरिष्ठ वन अधिकृत | हाल रिक्त भै दोहोरो जिम्मेवारीमा |
| ४ | वन व्यवस्थापन तथा सूचना शाखा | श्री डिलाराम पौडेल | बरिष्ठ वन अधिकृत | |
| ५ | योजना तथा अनुगमन शाखा | श्री विरेन्द्र कुमार रोका | बरिष्ठ वन अधिकृत | - |
| ६ | जलाधार व्यवस्थापन तथा समन्वय शाखा | श्री सन्दिप चौधरी | बरिष्ठ भू-संरक्षण अधिकृत | - |
| ७ | कर्मचारी प्रशासन शाखा | श्री लक्ष्मण लम्साल | बरिष्ठ शाखा अधिकृत | - |
| | | हुमनाथ गैरे | अधिकृत छैटौं | - |
| ८ | आर्थिक प्रशासन शाखा | श्री जनक अर्याल | अधिकृत छैटौं (लेखा) | - |

*५. निर्णय गर्ने प्रक्रिया र अधिकारी*

प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि समेतको अधिनमा रहि प्रदेश वन निर्देशक (महानिर्देशक) बाट निर्णय हुने ।

*६. निर्णय उपर उजुरी सुन्ने अधिकारी*

शाखाको सेवा प्रवाहमा प्रदेश वन निर्देशक (महानिर्देशक)ले उजुरी सुन्ने ।

*७. सम्पादन गरेको कामको विवरण*

*यस अवधिमा गरिएका मुख्य मुख्य कार्यहरुको विवरण निम्न बमोजिम रहेको ।*

- **संघिय तथा प्रादेशिक वन ऐन तथा नियमावली एवं वन पैदावर संकलन तथा बिक्री वितरण निर्देशिका बमोजिम वन व्यवस्थापन, वन पैदावर उत्पादन तथा सदुपयोग सम्बन्धी कार्यः**
  - डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) अन्तर्गत कपिलवस्तु साझेदारी वनको वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन योजनाको ५ वटा कम्पार्टमेन्टको स्टिम म्यापिङ्ग योजना प्रमाणित गरिएको ।
  - राष्ट्रिय वन क्षेत्रबाट संकलन हुने वन पैदावरको घाटगद्दी निरिक्षण तथा कटान प्लटको अन्तिम जाँच कार्यः डिभिजन वन कार्यालय दाङ (देउखुरी) अन्तरगत प्रगन्ना बडकापथ सिंचाई आयोजनाको नहर निर्माण क्षेत्र, डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.) अन्तर्गतको सुनवल न.पा.-४ को राष्ट्रिय वन र बुद्धशान्ति साझेदारी वन, डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध) अन्तर्गतको कपिलवस्तु साझेदारी वन, डिभिजन वन कार्यालय, कपिलवस्तु (कपिलवस्तु) अन्तर्गतको मायादेवी साझेदारी वनबाट संकलन भै घाटगद्दी भएको वन पैदावार

(काठ/दाउरा)को वन निर्देशनालयबाट गर्नुपर्ने घाटगद्दी निरिक्षण र कटान प्लटको अन्तिम जाँच गरिएको ।

- राष्ट्रिय वन क्षेत्र भित्र सञ्चालन हुने राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना कार्यान्वयनमा सहजीकरणः पूर्व-पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) को बुटवल- गोरुसिंगे - चन्द्रौटा सडकको राईट अफ वे भित्र परेका कपिलवस्तु र रुपन्देही जिल्लाको डिभिजन वन कार्यालय अन्तर्गतको क्षेत्रमा हटाउनुपर्ने रुख/पोलहरुबाट उत्पादन भै घाटगद्दी गरिएका काठ/दाउराको घाटगद्दी निरक्षण र प्लटको अन्तिम चेकजाँच गरिएको, डिभिजन वन कार्यालय पाल्पा अन्तर्गत सालझण्डी सुगुरेढुंगा सडक स्तरोन्नती गर्दा हटाउनुपर्ने रुख/पोलहरुबाट उत्पादन भै घाटगद्दी गरिएका काठ/दाउराको घाटगद्दी निरक्षण र प्लटको अन्तिम चेकजाँच गरिएको साथै डिभिजन वन कार्यालय गुल्मी अन्तर्गत नेपाल विद्युत प्राधिकरण बुर्तिवाङ-पौदी अमराई-तम्घास-सन्धिखर्क-गोरुसिंगे १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजना निर्माणको लागी हटाउनु पर्ने रुख/पोलहरु छपान भएकोमा नियमानुसार छपान चेकजाँच गरी आयोजना कार्यान्वयनमा सहजीकरण गरिएको ।
- वन नियमावली २०७९ बमोजिमको चक्ला वन तथा साझेदारी वनको वन व्यवस्थापन कार्ययोजना अध्ययन गर्न गठित प्राविधिक समितिको बैठक २ पटक बसेको ।
- डिभिजन वन कार्यालय अर्घाखाँचीको कुचुवादमार चक्ला वन तथा डिभिजन वन कार्यालय बाँकेको भुवरभवानी सरकारद्वारा ब्यवस्थित (चक्ला) वनको वन सम्बर्धन प्रणालीमा आधारित वन ब्यवस्थापन कार्ययोजना, डिभिजन वन कार्यालय प्यूठान र डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु) को आवधिक वन व्यवस्थापन योजना र सो योजनाहरु कार्यान्वयनको लागी तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनहरु स्वीकृतिको लागी सिफारिस गरी वन तथा वातावरण मन्त्रालय राप्ति उपत्यका(देउखुरी) मा पठाईएको ।

○ **समृद्धिको लागी वन कार्यक्रम / परियोजनाको प्रादेशिक परियोजना व्यवस्थापन इकाई सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यहरूः**

- वनमा आधारित उद्यम विकासका लागी व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको क्षमता विकास तालिम १ पटक (बाँके) सञ्चालन गरिएको ।
- प्रदेशस्तरीय वन व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठी (दाङमा २ दिने) सञ्चालन गरेको ।
- वनमा आधारित उद्यमी, वन समुह तथा वन कर्मचारीहरूलाई श्रम ऐन, पेशागत स्वास्थ्य र सुरक्षा सम्बन्धी सचेतना गोष्ठी (तानसेन र सन्धीखर्क) मा एक एक दिने सञ्चालन गरेको ।
- वन क्षेत्रका सरोकारवाला निकायहरूविच एकदिने समन्वय बैठक बुटवलमा सञ्चालन गरेको ।

- स्थानीय तहका पदाधिकारी एवं कर्मचारीका लागि २ दिने कृषि वन प्रणाली तथा कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान व्यवस्थापनका लागि क्षमता अभिवृद्धि कार्यक्रम जितपुर, कपिलवस्तुमा सञ्चालन गरेको ।
- वनमा आधारित उद्योगसँग सम्बन्धित श्रमिकहरूको पेशागत स्वास्थ्य र सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम (दाङ र बुटवल) मा सञ्चालन गरेको ।

○ **अनुगमन, प्रतिवेदन, समन्वय तथा सहजीकरण**

- निर्देशनालय मातहतका डिभिजन वन कार्यालयहरू, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूबाट सञ्चालित विभिन्न कार्यक्रम, क्रियाकलापहरूको नियमित अनुगमन निरिक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गरेको ।
- नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय र लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय र सम्बृद्धिका लागि वन परियोजना, संघिय परियोजना व्यवस्थापन इकाईबाट आयोजित विभिन्न समयका कार्यक्रमहरूमा सहभागिता, प्रतिवेदन प्रस्तुति तथा सहजीकरण गरेको ।
- संघिय वन तथा वातावरण मन्त्रालय र मातहतका विभागहरूबाट आयोजना गरिएको दोश्रो राष्ट्रिय वन सम्बर्द्धन गोष्ठी, सातौ राष्ट्रिय डिभिजनल वन अधिकृतहरूको गोष्ठी, साझेदारी वनहरूको तेश्रो राष्ट्रिय गोष्ठीमा सकृय रूपमा सहभागी भएको ।
- लुम्बिनी प्रदेशको वन तथा वातावरण मन्त्रालय अन्तर्गतको कार्यालय प्रमुखहरूको समन्वय बैठक सञ्चालन गरी प्रगति समिक्षा लगायतका विषयमा छलफल गरेको ।
- समृद्धिका लागि वन कार्यक्रम मार्फत गत वर्ष सञ्चालन गरेको सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन सम्बन्धी समिक्षा गोष्ठी (वन सेवाका अधिकृतहरूको प्रथम प्रादेशिक कार्यशाला गोष्ठी) को प्रतिवेदन तथा चालु वर्षको बैशाख १५ र १६ गते सञ्चालन गरेको प्रदेश स्तरीय वन अधिकृतहरूको वन व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठीको प्रतिवेदन प्रकाशन गरेको ।
- विभिन्न समयमा विश्व बैंकका विभिन्न तहका प्रतिनिधिहरु सम्मिलित उत्सर्जन न्यूनीकरण सम्बन्धी तथा सम्बृद्धिका लागि वन परियोजना अन्तर्गत सञ्चालित अनुगमन भ्रमण कार्यक्रम तथा कार्यान्वयन सहजीकरण मिसनमा सहभागी/सहजिकरण गरिएको ।
- लुम्बिनी प्रदेश सरकार अन्तर्गत वन तथा वातावरण क्षेत्रमा सञ्चालित कार्यक्रमहरूको मासिक तथा त्रैमासिक रूपमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय र वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेशमा प्रतिवेदन पेश गर्ने गरेको ।
- विभिन्न निकायहरुबाट प्राप्त ३ वटा उजूरी/गुनासोहरुको छानविन गरी सम्बन्धित निकायमा छानविन प्रतिवेदन पेश गरिएको ।

## *८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद*

- कार्यालय प्रमुखः- नि. महानिर्देशक श्री प्रभात सापकोटा
- सूचना अधिकारीः- बरिष्ठ वन अधिकृत श्री डिलाराम पौडेल
- लैंगिक फोकल पर्सनः बरिष्ठ वन अधिकृत श्री विरेन्द्रकुमार रोका

## *९. ऐन, नियम, विनियम, निर्देशिकाको सूची*

- नेपालको सविधान २०७२
- वन नीति, २०७५
- वन ऐन, २०७६, वन नियमावली २०७९, प्रदेश वन ऐन २०७८ र  प्रदेश वन नियमावली, २०७८
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र सङकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६
- वातावरण संरक्षण ऐन, २०७६, प्रदेश वातावरण संरक्षण ऐन २०७७, वातावरण संरक्षण नियमावली, २०७७, प्रदेश वातावरण संरक्षण नियमावली २०७७
- निजामती सेवा ऐन, २०४९, प्रदेश निजामती सेवा ऐन २०८०, निजामती सेवा नियमावली, २०५०, प्रदेश निजामती सेवा नियमावली २०८०
- सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- सामुदायिक वनको निर्देशिका, २०५२
- वन पैदावर (काठ / दाउरा) संकलन तथा बिक्रि वितरण निर्देशिका २०७३
- वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०
- सामुदायिक वनको काठ, दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७६
- व्यवसायिक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने कार्यविधि,२०६८
- सरकारी रुखहरु हटाउने सम्बन्धी मापदण्ड, २०७१
- लुम्बिनी प्रदेशको वन सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९
- लुम्बिनी प्रदेशको वन पैदावर आपूर्ति समिति सञ्चालन सम्बन्धी कार्यविधि २०७९

## *१०. स्वीकृत वार्षिक कार्यक्रम (आम्दानी,खर्च तथा आर्थिक कारोवार सम्बन्धि) र सो को प्रगति विवरणः*

**२०८१/०८२ को आषाढ मसान्त सम्मको प्रगति विवरणः**

| क्र. सं. | बजेट कोड | बजेट उपशीर्षक | बार्षिक बजेट र खर्च (रू लाखमा) | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | | | बजेट | खर्च | |
| १ | ३२९०००१२४ | वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | ५४.०० | १०.४२ | १९.२९ |
| २ | ३२९०००१६४ | वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम | १५.०० | १.४९ | ९.९३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ३२९९११२१ | सम्वृद्धिका लागि वन (संघ शसर्त अनुदान) | ५७४.४ | २००.०१ | ३४.८२ |
| कुल जम्मा | | | ६४३.४ | २११.९२ | ३२.९४ |

**११. तोकिए बमोजिमका अन्य विवरणः- छैन**

**१२. यस निकायको वेबसाईट भए सो को विवरणः-** https://pfdir.lumbini.gov.np

**१३. यस निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धि विवरणः-** यस प्रकारको सहयोग नभएको तर नेपाल सरकारले विश्व बैंकसँग सम्झौता गरी (संघिय सशर्त अनुदान मार्फत) सञ्चालन गरेको सम्बृद्धिका लागि वन परियोजना यस निर्देशनालय मार्फत कार्यान्वयन भएको

**१४. यस निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगतिः-** बुँदा नं.१० मा उल्लेख गरिएको ।

**१५. यस निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः- छैन ।**

**१६. यस निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिईएको विषयः-**

- यस अवधिमा लिखित रुपमा २ वटा निवेदन मार्फत सूचना माग भै उपलब्ध गराईएको साथै मौखिक रुपमा माग भएका सूचनाहरु समेत उपलब्ध गराईएको ।

*१७.* यस निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरणः- छैन ।